# पाठ १ : स्क्र्याच र कथाहरु



स्क्रयाच खोलौँ

# स्क्रयाच चलाएर हेरौँ

**यस पाठमा हामी स्क्रयाचका दुई विशेषताहरू: स्प्राइट(Sprite) र ब्याकड्रप(Backdrop) प्रयोग गर्नेछौँ। चित्रमा दिएका आइकन (icon) मा क्लिक गरौँ।**




**स्प्राइट :**
स्क्रयाच प्रयोग गरी चलाउन, नियन्त्रण गर्न सकिने मानिस, जनावर तथा वस्तुका चित्र

**ब्याकड्रप:**
कुनै दृश्य वा स्थानको चित्र जसले स्प्राइटका लागी पृष्ठभूमिको काम गर्छ

# कथाको एउटा दृश्य सिर्जना गरौँ

कथाको कुनै **एक दृश्य सिर्जना** गर्न आवश्यक स्प्राइट र ब्याकड्रप छान।

1. स्टेज(Stage)मा स्प्राइटलाई यताउता सार्न त्यसलाई माउस(Mouse) प्रयोग गरेर तान।



2. स्प्राइटलाई ठूलो-सानो बनाउन, देखाउन वा लुकाउन, अथवा स्प्राइटलाई घुमाउन तल भएका अङ्क र आइकन बदलेर हेर।



③ केही स्प्राइटको कस्ट्युम(Costume) खण्ड मुनि एक भन्दा बढी चित्र हुन्छन्। दृश्यको लागि सबभन्दा उपयुक्त देखिने चित्र छान।




आफ्ना दृश्यहरको सिर्जना गरिसक्यौ?



**साथीहरूलाई आफ्ना दृश्य देखाउ र उनीहरूका सिर्जना हेर।**



**हामी स्क्र्याचमा अरु धेरै कुरा गर्न सक्छौं। हामी आगामी पाठहरूमा तिनीहरूका बारेमा सिक्नेछौं।**

# आफ्ना दृश्यका तस्वीर खिचौँ

1 आफूले सिर्जना गरेका दृश्यका तस्वीर खिच्न पहिले स्टेजलाई ठूलो बनाऔं।



2 एक एक गर्दै स्क्रीन-शोट्स (Screenshots) सेभ (save) गरौँ।




# केही नयाँ शब्द

**स्प्राइट:** कुनै व्यक्ति, जनावर वा वस्तुको चित्र जसलाई ब्लकहरुको प्रयोग गरेर चलाउन सकिन्छ

**ब्याकड्रप :** कुनै दृश्य अथवा ठाउँको चित्र जसले स्प्राइटहरुका लागी पृष्ठभूमिको काम गर्छ।

# गर्नका लागी थप रमाइला कुरा

1. तिमीले मनपराएको कुनै कथालाई सम्झ र त्यसबाट दृश्यहरू बनाऊ। 🌈
2. धेरै ब्याकड्रप्स थप, तिमीले सुनेको कथाबाट एक भन्दा धेरै दृश्यहरू बनाऊ, र आफ्ना साथीहरूका लागि कथा सुनाऊ।

# आजको पाठलाई फर्केर हेरौँ

1. आजको पाठमा के कुरा रमाइलो लग्यो?
2. आज सिकेको केही यस्ता कुरा भन जुन तिमीलाई यस पाठ अघि थाहा थिएन।
3. तिमीलाई कस्ता नयाँ प्रश्न मनमा आएका छन्?

साथीहरूलाई आफ्ना दृश्य देखाउ र उनीहरूका सिर्जना हेर।

